# जि.स.स. र नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतहरु विच मिति २०७४/०८/०५ गते भएको समन्वय वैठकका निर्णयहरु

१. MoFALD लगायत विभिन्न निकायहरुबाट जि.स.स. मार्फत माग हुने गरेको सूचना/विवरण संकलनलाई प्रभावकारी वनाउन सवै न.पा.हरुले जि.स.स.संग सम्पर्क/समन्वयका लागि एक जना Focal Person तोक्ने निर्णय गरियो । नगरपालिकाहरुले फोकल पर्सन तोकिएको जानकारी सम्वन्धित कर्मचारीलाई दिई जि.स.स. काठमाडौंलाई वोधार्थ दिने समेत निर्णय गरियो ।

२. प्रत्येक महिनाको ५ गते कार्यालय प्रमुखको वैठक हुनुपूर्व एक घण्टा जि.स.स.मा समन्वय वैठक गर्ने निर्णय गरियो ।

३. जिल्ला कर्मचारी व्यवस्थापन समितिको निर्णयबाट विभिन्न नगरपालिकाहरुमा खटाईएका कर्मचारीहरु न.पा. कार्यालयमा हाजिर भएको जानकारी जि.स.स.मा उपलव्ध गराउने ।

४. स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्था वमोजिम साविकमा जि.स.स.बाट गरिदै आएको घ वर्गको दर्ता नविकरण, गैसस दर्ता नविकरण सिफारिस र साधारण निर्माणमुखी खनिज पदार्थको अनुमति नविकरण लगायतका कार्यहरु स्थानीय सरकारको कार्य क्षेत्रभित्र परेकोले सो सम्वन्धमा कार्यविधि निर्देशिका तयार गर्न आवश्यक भई न.पा.हरुबाट अनुरोध भएमा जि.स.स.ले सहजीकरण गरिदिने निर्णय गरियो ।

५. सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ वमोजिम सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने स्वतः प्रकाशन (PDMS) सवै कार्यालयहरुले गर्नुपर्ने हुंदा उक्त कुरामा ध्यान पुर्‍याउने । यसका लागि कुनै सहयोग आवश्यक भएमा जि.स.स.ले सहजीकरण/सहयोग उपलव्ध गराउने निर्णय गरियो ।